*Unity Journal*
Vol.5, 393-410, Feb 2024
https://doi.org/10.3126/unityj.v5i1.63199
Prithivi Narayan Shah Research Center
Directorate General of Military Training, Nepali Army
Kathmandu, Nepal

ISSN - 2717-4751

***Article history***
*Received: 16 Nov 2023*
*Accepted: 15 Jan 2024*

# विपद्‌मा नागरिकहरूको साथी नेपाली सेना

**गोविन्द मरासिनी***

**लेखसार**

राष्ट्रकै गौरवशाली संगठनमध्ये सबैभन्दा पुरानो संस्था हो, नेपाली सेना । स्थापनाकालदेखि नै नेपाली सेनाले नेपाल र नेपाली जनताको रक्षार्थ अतुलनीय योगदान पुऱ्याउँदै आएको छ। परिवर्तनका विभिन्न समयमा लोकतन्त्रको पक्षमा उभिएको सेना पटक-पटक लोकतन्त्रको रक्षाका लागि लड्यो भने भविष्यमा पनि लडिरहने दृढ संकल्पसाथ अगाडि बढिरहेको छ। देश र जनताका लागि आइपर्ने सुरक्षा-चुनौतीलाई सम्बोधन गर्नका लागि सक्षम र तयारी अवस्थामा सदैव नेपाली सेना रहेको छ। सेनाले राष्ट्र र जनतालाई हुने वाह्य आक्रमणबाट रक्षा मात्र नभई आन्तरिक सुरक्षा, राष्ट्रिय विकास, अन्तराष्ट्रिय स्तरमा शान्तिस्थापनामा र नेपालीहरूका हरेक आपत् विपद्‌मा समेत मलम लगाउँदैं आएको इतिहास हाम्रा सामु छर्लङ्ग छ। जनताका हरेक सवालमा अग्रस्थानमा देखिएको नेपाली सेनाले विपद् व्यवस्थापनमा समेत उल्लेखनीय योगदान पुऱ्याएको छ। यस लेखमा नेपाली सेनाले आफ्नो स्थापनाकालदेखि विपद् व्यवस्थापनमा के-कस्तो योगदान पुऱ्याएको छ ? भन्ने बिषयहरु उजागर गरिएको छ। संविधानले दिएको अधिकारको भरपुर उपयोग गर्दै रातदिन देश र जनताको सेवामा तल्लीन कर्मठ संगठन नेपाली सेनाले विपद् व्यवस्थापनमा पुऱ्याएको योगदान, भूमिका, विभिन्न ऐन, नियम र कानुनले नेपाली सेनालाई दिएका अधिकारका विषयमा केन्द्रित भई परिमाणात्मक र गुणात्मक (मिश्रित) अनुसन्धान विधि प्रयोग गरी लेख तयार गरिएको छ। साथै विपद् व्यवस्थापनका क्रममा नेपाली सेनाले भोगेका अनुभव, भोगाइ र समस्याहरूलाई समेत चर्चा गर्ने प्रयास गरिएको छ।

**शब्दकुञ्जीः** महामारी, संवैधानिक व्यवस्था, प्रकोप, विपद्, रक्षा, जनशक्ति, फौज, भग्नावशेष, उद्धार, पर्यावरण संरक्षण ।

## १. परिचय

नेपालमा सेनाको इतिहास धेरै पुरानो छ, भन्ने कुरामा कुनैं शंका देखिदैन तर यकिन रूपमा कहिले स्थापना भयो भन्ने विषयमा फरक-फरक तथ्याङ्क भेटिन्छन्। नेपाली सेनाको इतिहासका बारेमा अध्ययन गर्दा गोरखाका राजा द्रव्य शाहको शासनकाललाई आधार मान्नु उपयुक्त देखिन्छ। शाहले सन् १९५९ (वि.सं.१६१६) मा गोरखाको लिगलिगकोटमा भागिरथ पन्तलाई सेनाप्रमुख बनाइ उनैको नेतृत्वमा पहिलो सैन्य टुकडी निर्माण गरेको पाइन्छ। यसैलाई नै सैनिक इतिहासको पहिलो सैन्य दल मान्ने गरिएको छ। सन् १९५९ मा गोरखा राज्य स्थापना भएपछि

*
Email ID : journalist.gm3@gmaıl.com

सोही मितिबाट वर्तमान नेपाली सेनाको सुरूवात भएको भए पनि सन् १७४४ देखि सैनिक प्रथामा परिणत हुँदैं जानुका साथै संख्यात्मक वृद्धि भएको थियो । *(वैद्य, मानन्धर र बस्न्यात, २०६५, नेपालको सैनिक इतिहास भाग-२)* नेपाली सेनाले विपद् जोखिम व्यवस्थापन कार्यलाई एउटा प्रमुख जिम्मेवारीको सूचीमा सूचीकृत गर्दै कार्यसम्पादन गर्दै आएको छ ।

प्रभावित समाज वा समुदायले आफ्नै स्रोत साधन र सामर्थ्य प्रयोग गरेर पनि धान्न नसक्ने गरी व्यापक मानवीय, भौतिक, आर्थिक वा वातावरणीय क्षति एवं असरहरू जसका कारण समुदायको सामान्य जीवन पद्धति गम्भीर रूपमा अवरूद्ध हुन जान्छ त्यस अवस्थालाई नै विपद् भनिन्छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २ अनुसार विपद् २ प्रकारका हुने भनी उल्लेख गरेको छ । १) प्राकृतिक विपद् र २) गैरप्राकृतिक विपद् । प्राकृतिक विपद् भन्नाले ऐनको (झ) अनुसार हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक विपद्बाट उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ । गैरप्राकृतिक विपद् भन्नाले ऐ. ऐनको दफा २ को (घ) अनुसार महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरूङ्गीमा हुने लु, प्यान्डामिक लु, सर्पदंश, जनावर आतंक, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास, रसायन वा विकीरण चुहावट, ग्यास विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वनविनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक विपद्बाट उत्पन्न विपद् सम्झनु पर्छ । प्रकोपहरू जैविक र भौतिक घटना हुन् । सामान्यतया यस्ता घटनाहरूलाई निम्न समूहमा राखेर समेत बुझ्न सकिन्छ ।

| क्र.सं. | प्रकोपजन्य तत्त्वहरु | प्राकृतिक र मानव निर्मित |
|---|---|---|
| १ | बाढी | बाढी भनेको प्राकृतिक घटना हो, तर यो वन विनास, बाँधहरूको निर्माण जस्ता मानव क्रियाकलापका कारण पनि हुने गर्दछ । |
| २ | भूकम्प | भूकम्प प्राकृतिक घटना हो तर पनि सम्पत्तिहरूको क्षति भूकम्पप्रतिको संवेदनशीलतामा निर्भर गर्दछ । |
| ३ | पहिरो | पहिरोलाई सामान्यतया प्राकृतिक संङ्कट मान्ने गरिन्छ । मानवीय क्रियाकलापहरू जस्तै अनुपयुक्त खेती प्रणाली, खानी सञ्चालन तथा वन विनासले पनि पहिरोको ठूलो वा सानो मात्रा निर्धारण गर्दछ । |
| ४ | खडेरी | खडेरी प्राकृतिक घटना हो, यसका प्रभावहरू भने अन्य तत्वहरूसँग मिश्रित हुन सक्दछन् । मानवीय कारणहरू समेतबाट वर्तमानमा भइरहेको जलवायु परिवर्तनले खडेरीको चरमतालाई थप वढाउने देखिन्छ । |
| ५ | वन्यजन्तुको आक्रमण | वन्यजन्तुको आक्रमणलाई मानवसिर्जित तथा प्राकृतिक दुबै कारण मान्न सकिन्छ । यसमा अन्य धेरै कारण पनि हुन सक्छन् । यो मूलतः वन्यजन्तुको वासस्थानमा मानवीय अतिक्रमणसँग सम्बन्धित छ । |
| ६ | हवाइ र सडक दुर्घटना | सडकमा सवारी दुर्घटना मानव सिर्जित घटनाहरू हुन् भने सबै हवाइ दुर्घटना मानव सिर्जित होईनन् । अप्ठ्यारो भू-बनोट तथा पहिरो प्राकृतिक कारणले सडक दुर्घटना निम्त्याउँछ । |
| ७ | औद्योगिक दुर्घटना | औद्योगिक दुर्घटना मानव सिर्जित प्रकोप हुन् । |
| ८ | महामारी फैलिनु | यो जैविक प्रकोप हो । यो मुख्यत : प्राकृतिक हुन्छ । तर फैलिने वातावरण सिर्जना हुन तथा एक अर्कामा सर्न मानिस नै कारण हुने गर्दछन् । |

*तालिका-१, स्रोत : विपद् व्यवस्थापन नेपालको सन्दर्भमा अवधारणा र अभ्यासहरू*

नेपाल प्राकृतिक प्रकोपका कारण विविध प्रकारका विपद्हरूको जोखिममा रहेकाले हरेक वर्ष औसत ५०० भन्दा विविध विपद्का घटनाहरू हुने गरेको अध्ययनहरूले देखाएका छन् । पछिल्लो ४५ वर्ष ( सन् १९७१ देखि २०१५) को अवधिमा नेपालमा ४० हजारभन्दा बढी व्यक्तिहरूले विपद्का कारण आफ्नो ज्यान गुमाएका छन् । (रणनीतिक कार्ययोजना २०१८-२०३०, NDRRMA) । उच्च मृत्युदरको अतिरिक्त उक्त अवधिमा ७५ हजारभन्दा बढी व्यक्तिहरू घाइते भएका छन् भने लगभग ३० लाख प्रभावित बनेका छन् । पछिल्लो तीन वर्षको तथ्याङ्कलाई आधार मान्दा १३६२४ विपद्का घटना भए जसमा १३१९ जनाले ज्यान गुमाए, १४४ जना वेपत्ता भए, ३८९१ जना घाइते भए । (राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र, गृह मन्त्रालय)

**तीन वर्षयता विपद्मा भएका २०७७-०६-१६ देखि २०८०-०६-१५ सम्म घटनाको संक्षिप्त क्षति विवरण :**

| घटना | घटना संख्या | मृत्यु | वेपत्ता | घाइते | प्रभावित परिवार | घर क्षति | | गोठ क्षती | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आशिंक | पूर्ण | | | |
| पहिरो , आगलागी, चट्याङ, जनावर आतंक, वाढी, भूकम्प र अन्य विपद्का घटनाहरु | १३६२४ | १३३९ | १४४ | ३८५१ | २५५१५ | ५६६० | ५५४४ | २७९६ | ८६२७ | ८०९१२५१७९७ |

*तालिका-२, स्रोत : गृह मन्त्रालय, राष्ट्रिय आपतकालिन कार्यसञ्चानल केन्द्र ।*

आधुनिक नेपालको ऐतिहासिक प्ररिप्रेक्ष्यमा राज्य सञ्चालनको प्रमुख अंगको रूपमा नेपाली सेना रहँदै आएको छ । प्रतिकूल समयमा पनि जनतालाई अप्ठ्यारो परेको सूचना पाउँनासाथ आफ्नो जिम्मेवारीमा कटिवद्ध रहेको छ । पूर्वजानकारी बिना नै आउने विपद् र प्रकोपको जोखिमलाई न्यूनीकरण गर्न र यसबाट भविष्यमा हुने धनजनको क्षतिमा कमी ल्याउने एक महत्वपूर्ण खम्बाको रूपमा नेपाली सेना उभिएको छ । जनताको सेवामा हरदम तत्पर सेनाको फौजलाई विपद्का समयमा कुनै पनि आदेशको जरूरी पर्दैन । नेपाली सेनाको फौजले विपद्को घटना सुन्ने बित्तिकै कसैलाई नसोधैरै पहिला 'रेसपोन्स' गरेर अनि बल्ल रिपोर्ट गर्ने गरी स्थायी आदेश (Standing Order) गरिएको हुन्छ । विपद्का समयमा पीडितहरूलाई सुरक्षित स्थानमा सार्ने, उद्धार गर्ने, राहत सामाग्री वितरण गर्ने, विपद्बाट भएको क्षतिलाई फैलन नदिन कार्यक्रम सञ्चालन गर्ने लगायतका काममा नेपाली सेना "First Responder" का रूपमा आफ्नो जिम्मेवारी निभाउँदै आएको छ । *(खत्री २०८०, अन्तवार्ता)* सेनाले कहिलेदेखि विपद् व्यवस्थापनमा कार्य गर्दै आयो भन्ने यकिन तथ्याङ्क नभेटिए तापनि जबदेखि नेपाली सेनाको स्थापना भयो त्यसबेलादेखि सेनाले विपद्को क्षेत्रमा काम गर्दै आएको इतिहासका पानाहरूमा उल्लेख भएको पाइन्छ ।

## २. समस्या कथन

यस अनुसन्धानात्मक लेखमा मूलतः निम्नलिखित प्रश्नको उत्तरको पर्याप्तताको अभाव नै मुख्य समस्याको रुपमा रहेको छ ।

अनुजरित प्रश्नहरुः-

- इतिहासदेखि वर्तमान अवस्थासम्म विपद्का क्षेत्रमा नेपाली सेनाको योगदान कस्तो रहेको छ ?
- विपद् जोखिम न्यूनीकरणमा नेपाली सेनाको सहभागिता कस्तो छ ?
- विपद् जोखिम न्यूनीकरणमा खटिदा कानुनी दृष्टिकोणबाट नेपाली सेनाले पाएको अधिकारक्षेत्र कस्तो छ ?
- विपद् न्यूनीकरणका लागि नेपाली सेनाको जनशक्ति र उपकरणको व्यवस्थापन कस्तो रहेको छ ?

जस्ता प्रश्नहरुको यथासंभव पर्याप्त उत्तर खोज्ने प्रयास गरिनेछ ।

**३. उद्देश्य**

- नेपाली सेनाले विपद्का समयमा पुऱ्याएको योगदानलाई उजागर गर्ने ।
- नेपाली सेनाले विपद्मा गरेका योगदानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा जानकारी दिन ।
- नागरिकहरूप्रति नेपाली सेना संगठनको विश्वास अझ बढाउने र अनुकूल र प्रतिकूल दुवै अवस्थामा सरकारको निर्देशन अनुसार विपतमा खटिएका सैनिकको मनोबल उच्च राख्ने ।

## ४ अनुसन्धान विधि

यस लेखमा मुख्य रूपमा परिमाणात्मक र गुणात्मक (मिश्रित) अनुसन्धान विधिको प्रयोग गरिएको छ। मिश्रित विधिअन्तर्गत रहेर सम्बन्धित बिषयमा उपलब्ध लेख, रचना र पुस्तकहरूको अध्ययनका साथै यस क्षेत्रका अनुभवी बिज्ञहरूसँगको औपचारिक अन्तर्वाता र अनौपचारिक कुराकानी नै यस लेखका प्रमुख आधार हुन् ।

विभिन्न पत्रपत्रिका, पुस्तक, लेख, प्रतिवेदन, ऐन, नियम, नियमावली, संविधान र सम्बन्धित बिषयमा प्रभावित क्षेत्रका नागरिकहरूसँगको छलफलबाट उठेका कुराहरू, विभिन्न सरकारी निकाय र नेपाली सेनाको जंगी अड्डाबाट उपलब्ध तथ्याङ्कको संकलन पश्चात अध्ययन गरी अनुसन्धान गरिएको छ ।

## ५. साहित्य समीक्षा

नेपालमा विपद् भन्नाले के कसरी बुझिएको छ ? विपद्का क्षेत्रमा नेपाली सेनाको सहभागिता इतिहासदेखि वर्तमानसम्म कस्तो रहेको छ ? भन्नेबारेमा प्रकाशित पुस्तक, लेख, रचना, खोजमुलक सामाग्री र इन्टरनेटमा पाइने सामाग्रीहरुलाई अध्ययन गरी यस लेखमा आफ्नो विचारहरु प्रस्तुत गरिएको छ ।

यसै सन्दर्भमा अश्वस्थामा भक्त खरेल भन्छन्, “सेनाले इतिहासका विभिन्न कालखण्डहरूमा विपत्का लागि उपलब्ध जनशक्ति, नगण्य स्रोत साधन भएको समयमा समेत सम्भावित विपत्बाट आम नेपालीलाई बाहिर निकाल्न र सुरक्षित राख्नका लागि नेपाली सेनाले कार्य गर्दै आएको छ। नेपाली सेना त्यो सेना हो , जो शार्दूलको चालमा समारमा लडाईँको मैदानमा हिंड्ने गर्दछ। शार्दूलको चाल भनेको बाघको चाल वा गति हो। जसलाई दाग्छ वा ताक्छ, उसलाई नछोड्ने नेपाली सेनाको विशेषता हो। तिखारिएको, अनुशासित र नूनको सोझो गर्ने सेनाका रुपमा पहिचान बनाएको नेपाली सेनासँग जति पनि सामरिक क्षेत्रमा युद्धकौशलको अनुभव छ, संसारका कमै सेनाहरुसँग तुलना गर्न सकिदैन् ।” (Dr. Kharel, Asvasthama, 2020 Unity Journal, P. 167)। “राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले आफ्नो दिब्योपदेशमा भनेका छन्, “सिपाही भनेका तिखारी राख्नु ।” “तिखारी राखेका सिपाही कसैका मुलाहिजामा पर्स्दैनन् र आफ्नो काम फत्ते हुन्छ” भन्ने (लुईटेल, २०७५ दिब्योपदेश : दूरदर्शी संविधान Brtnepal.com) भनाइलाई आत्मसात गर्दै नेपाली सेना स्थापनाकालदेखि नै नेपाल र नेपालीको रक्षक बनेर उभिएको छ ।

नेपालको संविधान २०७२ ले दिएको अधिकारको पूर्ण पालना गर्दै नेपाल र नेपाली जनतामाथि पुऱ्याएको बिशिष्ट योगदानको कदर गर्दै उच्च पदस्थ व्यक्तिहरुबाट नेपाली सेनाको मुक्तकण्ठले प्रशंसा हुने गरेको छ।

नेपालका लागि तत्कालीन अमेरिकी राजदुत र्‍याण्डी बेरीले नेपाली सेनालाई एसियाकै पुरानो र विश्वकै एउटा साहसीमध्येको एक सेना भएको भन्दै प्रशंसा गरेका थिए । (2077, Khabarhub.com) यस्तै वि.सं. २०७९ सालमा लेबनानको भ्रमणमा पुगेका नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्मासँग लेबनानका राष्ट्रपति मिचेल अउनले स्थानीय समुदाय र नेपाली शान्ति सेनाबीचको उत्कृष्ट सम्बन्ध, पर्यावरण संरक्षण र अन्य सामुदायिक परियोजनामा नेपाली शान्ति सेनाले पुर्‍याएको योगदानको प्रशंसा गरेका थिए । (2079, Kathmandupress.com)।

इतिहासका विभिन्न कालखण्डमा नेपाली सेनाले विपद्का क्षेत्रमा प्रत्यक्ष रुपमा सहभागिता जनाउँदै आएको छ । नेपाली सेनाको इतिहास, राष्ट्र निर्माणमा सेनाको योगदान, नागरिक सैनिक सम्बन्ध, खेलकुदमा नेपाली सेना, प्रकृति संरक्षणमा सेना, राष्ट्रिय निकुञ्जको संरक्षणमा नेपाली सेना विषयमा दिग्गज व्यक्तित्वहरुबाट अनुसन्धान र खोजी भएका छन् । सेनाले विपद्का क्षेत्रमा गरेको योगदानका बिषयमा केही लेखहरु प्रकाशन भएको भएपनि इतिहासदेखि वर्तमान अवस्थासम्म आइपुग्दा सेनाले विपद्का क्षेत्रमा गरेको योगदानको विस्तृत चर्चाका लागि यो लेख तयार पारिएको हो ।

## ६. विपद्मा नेपाली सेनाको भूमिका र योगदान : विगतदेखि वर्तमानसम्म

### *६.१ भूकम्प*

भूकम्पकीय जोखिमको हिसाबले नेपाल ११ औं स्थानमा रहेको छ। *(प्रतिवेदन २०७८, गृह मन्त्रालय)* नेपाल उत्तरतिर रहेको तिब्बेतियन टेक्नोनिक प्लेट र दक्षिणतिर रहेको इण्डियन टेक्नोनिक प्लेटको केन्द्रबिन्दुमा रहेको कारण पनि भूकम्पको उच्च जोखिममा रहेको छ । पश्चिम नेपालमा विगत ५०० वर्षयता ठूलो भूकम्प नगएकाले त्यो क्षेत्र अझ जोखिममा छ । भूकम्पका समयमा नेपाली सेनाको चर्चा गर्दा सन् १८३३ मा ७.७ म्याग्नेच्युडको भूकम्पमा परी काठमाडौं उपत्यका र सो वरिपरि ४१४ मानिसहरूको मृत्यु भएको थियो। उक्त भूकम्पबाट काठमाडौं, भक्तपुर, ललितपुर र बनेपामा समेत करिब ४ हजार घरहरू ध्वस्त भएका थिए भने देशभरीका करिब १८ हजार घरहरूमा क्षति पुगेको थियो । *(गोरखा भूकम्प २०७२, अनुभव र सिकाइ गृह मन्त्रालय)*। उक्त भूकम्प पश्चात् जंगबहादुर राणाले शासन सत्ता आफ्नो हातमा लिइसकेपछि भूकम्पजस्ता महाविपद्मा जनताको सेवाका लागि राज्यको तर्फबाट राहत र उद्धारमा सहयोग गर्ने उद्देश्यले आपतकालीन फ्रन्ट खडा गरेको अभिलेखमा भेटिन्छन् । यसरी स्थापना भएको फ्रन्ट वि.सं. १९९० माघ २ गते साउथ एसिया नै हल्लाउने गरी गएको ८.१ म्याग्नेच्युडको भूकम्पबाट मृत्यु भएका घर परिवार र उनीहरुको राहतका लागि तत्कालीन प्रधानमन्त्री श्री ३ जुद्ध शम्शेरले एक सय रूपियाँका दरले वितरण गरेका थिए । *(खत्री २०८०, अन्तवार्ता)*। क्षतिग्रस्त घर परिवारका लागि घर बनाउनका लागि बिना व्याज ३ हजारसम्म रकम उपलब्ध गराइएको थियो, जसमा नेपाली सेनाले नेतृत्वदायी भूमिका निर्वाह गरेको थियो । पूर्वी नेपाललाई केन्द्रबिन्दु बनाएर गएको उक्त महाभूकम्पमा परी ८ हजार ५ सय १९ जनाले ज्यान गुमाएका थिए, भने २ लाख भन्दा वढी घर तथा मन्दिरहरूमा हरूमा क्षति पुगेको थियो जसमध्ये ८१ हजार घर पूर्ण रूपमा ध्वस्त भएका थिए । *(गोरखा भूकम्प २०७२, अनुभव र सिकाई, गृह मन्त्रालय)*। यो भूकम्पबाट ११ तले क्षतिग्रस्त धरहरा पुनर्निर्माणमा नेपाली सेनाले सघाउ पुर्‍याएको थियो । यसबाहेक बिनासकारी भूकम्पबाट पीडित हजारौं नागरिकलाई खानपान, बासस्थान तथा सुरक्षित स्थानमा लैजाने कार्यमा नेपाली सेनाको अग्रणी भूमिका रहेको थियो ।

वि.सं. २०४५ साल भदौ ५ गते उदयपुर केन्द्रबिन्दु भएर गएको ६.६ म्याग्नेच्युडको भूकम्पले त्यस क्षेत्रका जिल्लाहरूमा बढी क्षति पुर्‍याएको थियो । उक्त भूकम्पमा परी ७२१ जनाले ज्यान गुमाएका थिए, भने ६६ हजार ३ सय ८२ घर क्षतिग्रस्त भएका थिए । *(गोरखा भूकम्प २०७२, अनुभव र सिकाई गृह मन्त्रालय)*। भूकम्पबाट सबैभन्दा प्रभावित जिल्लाहरू उदयपुर, झापा, सुनसरी, धनकुटा, भोजपुर, ओखलढुंगा, खोटाङ, इलाम, पाँचथर,

ताप्लेजुङ, भक्तपुर, सिन्धुली, दोलखा, रामेछाप जस्ता जिल्लाहरूमा नेपाली सेनाले अहोरात्र खटेर सर्वसाधरणलाई सुरक्षित स्थानमा सार्ने, मेडिकल सुविधा, यातायात तथा राहत सामाग्रीको वितरण गरी योगदान पुर्‍याएको थियो ।

| साल ई.स. | केन्द्रबिन्दु | म्याग्नेच्युड | मृत्यु |
|---|---|---|---|
| १८३३ | | ७.७ | काठमाडौ उपत्यका र सो वरीपरी ४१४ |
| १९३४ | पूर्वी नेपाल | ८.१ | करिव ८,५१९ |
| १८८० | बझाङ्ग | ६.५ | ४६ जना |
| १९८८ | उदयपुर | ६.६ | ७२१ जना |
| २०११ | सिक्किम नेपाल सिमाना | ६.९ | ६ जना |
| २०१५ | गोरखा, बारपाक | ७.६ | झण्डै ९ हजार |
| २०२३ | जाजरकोट | ६.४ | १५३ वढी (कात्तिक २० सम्म) |

*तालिका ३, स्रोत : गोरखा भूकम्प २०७२, अनुभव र सिकाई र राष्ट्रिय भूकम्प मापन केन्द्र*

वि.सं. २०७२ सालमा गोरखाको बारपाक केन्द्रबिन्दु भएर गएको ७.६ म्याग्नेच्युडको बिनाशकारी भूकम्पले नेपालसहित छिमेकी राष्ट्रहरूमा समेत असर गर्‍यो । भूकम्पमा परी मुलुकभरी स्वदेशी एवं विदेशी नागरिक गरी झण्डै ९ हजारले ज्यान गुमाएका थिए । २२ हजार भन्दा वढी घाइते भएका थिए । महाभूकम्पका कारण विश्व सम्पदा क्षेत्र काठमाडौं दरबार क्षेत्रका केही मन्दिरहरू, धरहरा, गोरखाको मनकामना मन्दिर, जनकपुरको जानकी मन्दिर लगायतका ऐतिहासिक मन्दिरहरूमा क्षति पुगेको थियो । भूकम्पले १० हजार ८०३ सरकारी घरहरू तथा भवन पूर्णरूपमा र सर्वसाधारणका २ लाख ९७ हजार २६६ घरहरू पूर्ण क्षति भएका थिए । विनासकारी भूकम्पपश्चात राष्ट्रिय विपद् प्रतिकार्यको ढांचा अनुसार सम्पूर्ण पक्षहरूसँग सहयोग र समन्वयमा तल्लो तहसम्म आफ्नो पहुँच पुर्‍याई प्रभावकारी उपस्थिति सहित खोज, उद्धार तथा राहत कार्य सञ्चालन गर्न नेपाली सेनाले अपरेशन 'संकट मोचन' सञ्चालन गरी उद्धारमा खटिएको थियो । *(भूकम्पमा नेपाली सेना, २०७२)* । यसरी संकट मोचनका लागि सेनाले लक्ष्यहरू समेत निर्धारण गरेको थियो । जसमा भूकम्प प्रभावितको जीवन रक्षा गर्ने पहिलो प्राथमिकतामा राखेको थियो । विपद्मा परेकाहरूको तदारूकता साथ खोज, उद्धार तथा राहत कार्य सञ्चालनका लागि नेपाली सेनाले कम प्रभावित इलाकाहरूबाट फौज खटाई यथाशीघ्र खोज, उद्धार तथा राहत कार्य सञ्चालन गरेको थियो । महाभूकम्प जाँदा साथ तत्कालै सुरूको अवस्थामा सेनाले ९० प्रतिशत फौज तुरून्त परिचालन गरेको थियो, भने निरन्तर रूपमा ६६,०६९ जना सकल दर्जा परिचालन भएको थियो ।

महाभूकम्पको चपेटाले देश नै पीडामा परेको बेलामा सैनिक परिवार र उनका घर परिवार पनि पीडाबाट मुक्त थिएनन् । भूकम्पबाट नेपाली सेनाका १२ जना सकलदर्जाको दुखद् निधन, १० जना बेपत्ता, ९९ जना घाइते, वहालवाला सैनिक परिवारमध्ये २७१ जनाको निधन र ११०९ व्यारेक संरचना ध्वस्त भएका थिए । *(भूकम्पमा नेपाली सेना, २०७२)* । आफ्नै संगठनभित्रको क्षतिका बाबजुद पनि देश र जनताको सेवामा अहोरात्र 'रक्षा आनन्द आराम आफ्नो निम्ति सधै पछि' भन्ने मूलमन्त्रलाई आत्मसात् गर्दै देखाएको कार्य देश र जनताका लागि अविस्मरणीय छ । भूकम्पको भग्नावशेषमा पुरिएका स-सना बालबालिकाको जीवितै उद्धार र सामाजिक सञ्जालमा सेनाले उद्धार गरेका तस्वीरहरूले आम नेपालीको मन जितेको थियो । नेपाली सेनाले २०७२ को भूकम्पमा १३३६ जनालाई जमिनबाट उद्दार, २९२८ जनालाई हवाईबाट उद्दार, १६३१ जनाको शब व्यवस्थापन गरेको थियो । यस्तै ५ हजार ७ सय ७ मेटिक्टन राहत सामाग्री वितरण, १७ हजार भन्दा वढी होल्डिङ सेन्टरको निर्माण गरेको थियो । ८५ हजार ९ सय ५४ जनालाई मेडिकल सुविधा प्रदान गरेको थियो । *(खत्री २०८०, अन्तर्वार्ता)* ।

भूकम्पपछि राज्यले संकटग्रस्त क्षेत्र घोषणा गरिसकेपछि विदेशबाट प्राप्त हुने सहयोगको नियमन गर्नका लागि नेपाली सेनाले Multi-National Military Co-ordination Centre को स्थापना गरेर विदेशबाट आउने अनुदान र विदेशबाट आउने स्क्यु टिमलाई सम्बन्धित ठाउँमा पुऱ्याउने लगायतका बिषयमा नेपाली सेनाले संयोजन गरेको थियो । यो संयोजनकारी भूमिकाले ३४ भन्दा बढी राष्ट्रबाट आएका सैनिक र गैर सैनिक टिमबाट आएकालाई संयोजन गरेर क्षमता अनुसारको Search and Rescue कार्यमा खटाएर नेपाली जनताको धनजनको क्षतिलाई न्यूनीकरण गर्दै उद्धार कार्य गर्न प्रभावकारी भूमिका निर्वाह गरेको थियो । नेपाली सेनाले उद्धार, राहत वितरणमा मात्र कार्य गरेन भूकम्पबाट ध्वस्त संरचनाको पुनर्निर्माण र बाटो खुलाउने कार्यमा समेत जिम्मेवारी निभाएको थियो । नेपाली सेना र बहुराष्ट्रिय सेनाको संयुक्त टोलीले भूकम्पपश्चात् मुख्य राजमार्ग समेत गरी ३९२ स्थानमा अवरोध हटाई बाटो खुलाएका थिए । *(खत्री २०८०, अन्तर्वार्ता)* यसबाहेक विमानस्थल समन्वय केन्द्रमा योगदान, भूकम्पको समयमा लाङटाङ क्षेत्रमा हराईरहेका स्वदेशी तथा विदेशीहरूको खोजीका लागि अपरेसन दृढ संकल्प-४, लजिष्टिक अपरेसन र विभिन्न संघ संस्था र विदेशी निकायको समन्वयमा जङ्गी अड्डामा एकीकृत समन्वय केन्द्र (Joint Co-ordination Center) को स्थापना गरेको थियो । देश भूकम्पको चपेटामा परिरहेका बेला नेपाल सरकारबाट स्थापना भएको प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा नेपाली सेनाका सकल दर्जाहरूबाट रू २४,३६,०५,९८६।- संकलन गरेर हस्तान्तरण गरेका थिए । यो रकम सह-सेनानीसम्म पाँच दिनको तलब, सेनानीदेखि सहायक रथीसम्म १० दिनको तलब र उपरथीदेखि महारथीसम्म १५ दिन बराबरको तलबबाट संकलन गरिएको थियो । (भूकम्पमा नेपाली सेना, २०७२)

२०८० असोज १६ गते बझाङ सदरमुकाम चैनपुर केन्द्रबिन्दु बनाएर गएको ६.३ रेक्टर स्केलको भूकम्पपछि यस क्षेत्र वरिपरि केन्द्रबिन्दु बनाएर ५१३ वटा भन्दा बढी पराकम्पन गइसकेका छन् । (राष्ट्रिय भूकम्प मापन केन्द्र, खानी तथा भूगर्भ विभाग) । २०२३ को नोबेम्बर महिनामा जाजरकोट केन्द्रबिन्दु भएर गएको ६.४ म्याग्नेच्युडको भूकम्पपछि पनि सेनाले तत्काल सक्रियताका साथ कार्य गरिरहेको छ । सेनाले उद्धार र राहतका साथै भूकम्प प्रभावित रुकुम पश्चिममा ८८ बढी अस्थायी घरको निर्माण गरिसकेको छ भने भग्नावशेष हटाउने र पुनर्निर्माणका लागि करिब १२० सैनिक फिल्डमा खटिरहेका छन् । (गुरुङ २०८०, कुराकानी)

### ६.२ *महामारी*

नेपालमा झाडापखाला, काला ज्वर, ठेउला, हेपाटाईटिस, एनफ्लुएन्जा, टाइफाईड, दम, हैजा, यौन रोग, क्षयरोग, कुष्ठरोग लगातयको समस्या व्याप्त रहेको पाइन्छ । सन् १९७१ देखि २०१५ सम्ममा महामारीका कारण १६,५६४ जनाले ज्यान गुमाएका छन् । (रणनीतिक कार्ययोजना २०१८-२०३०, NDRRMA) । सन् २०१९ को अन्त्यतिर चीनको युआन प्रान्तबाट शुरू भएको कोभिड-१९ को संक्रमणले नेपाललाई मात्र हैन विश्वभर नै महामारीको अवस्था सिर्जना गऱ्यो । नेपालमा पनि सन् २०२० र २१ महामारीको चपेटामा बित्यो । उक्त महामारीबाट नेपालमा १२ हजार ३१ जनाको मृत्यु भएको थियो । (Covid 19, World Health Organization)। विश्वव्यापी महामारी प्रकोपको रोकथाम, प्रतिकार्य र नियन्त्रणमा लागी नेपाली सेनाले पुऱ्याएको योगदान सदैव सम्झन योग्य छ । महामारी नियन्त्रणका लागि सेनाले तत्काल क्वारेन्टिन, आइसोलेसन, तथा हेल्थ डेक्स र होल्डिङ एरिया सुरक्षार्थ, विभिन्न स्कर्टिङ, हवाइतथा जमिनबाट स्वास्थ्य सामग्री ढुवानी, स्वाव संकलन, र शव व्यवस्थापनमा सक्रियतापूर्वक कार्य सफल गरेको थियो । कोभिड १९ को प्रारम्भिक चरणको समयमा चीन लगायत विभिन्न देशमा भएका नागरिकलाई स्वदेश ल्याउने कार्य नेपाली सेनाले नै सम्हालेको थियो । कोभिड १९ को सुरूवाती चरणमै नेपाली सेनाले कोभिड १९ महामारीग्रस्त मुलुक चीनबाट १७५ जना नेपाली विद्यार्थीलाई उद्धार गरी नेपाल ल्याई क्वारेन्टाइनमा राखेको थियो । यस्तै, विभिन्न देशबाट फर्केर आएका १ लाख २९ हजार १ सय ७३ जना नेपाली नागरिकलाई होल्डिङ्ग सेन्टरमा राखेर त्रिभुवन बिमानस्थलबाट ७७ वटै जिल्लामा नागरिक लैजानका व्यवस्थापनको

कार्य गरेको थियो । *(The Infanty Journal, 2078/079, NAWC)*

कोभिड १९ रोग बिरूद्धको प्रतिकार्यलाई एकीकृत एवं समन्वयात्मक बनाई थप प्रभावकारी बनाउनका लागि सबै निकाय सम्मिलित संकट व्यवस्थापन सञ्चालन केन्द्र (Covid Crisis Management Center-CCMC) छाउनीमा स्थापना गरी नेपाली सेनाले (Medical Operation, Logistic, Information and Techonology Operation, Security Ops) मा सम्मिलित भई महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो । (सिपाही विशेषाङ्क, २०७७) । कोभिड १९ को महामारीलाई मध्यनगर गर्दै श्री वीरेन्द्र सैनिक अस्पताल छाउनीलाई Hub Hospital को रूपमा भेन्टिलेटर सहितको २० वेडको ICU Ward र ८० वेडको साधारण आइसोलेसन वार्डको तयारी गरी जनताको सेवामा समर्पित भएको थियो । यसबाहेक नेपाली सेनाले विभिन्न समय र विभिन्न स्थानमा क्वारेनटाइन, आइसोलेसन कक्ष, होल्डिङ सेन्टरको स्थापना गरी महामारीलाई नियन्त्रण गर्न जुटेको थियो ।

| क्र.सं. | विवरण | स्थान | खटिएको फौज |
|---|---|---|---|
| १. | क्वारेन्टाइन | ८५ | १०७३ |
| २. | आइसोलेसन सेन्टर | ३५ | ४७६ |
| ३. | होल्डिङ्ग सेन्टर | ३४ | ४२१ |
| ४. | हेल्थ डेक्स | ५३ | १६९ |
| | जम्मा | २०७ | २१६९ |

*तालिका-४ स्रोत : (The Infanty Journal, 2078/079, NAWC)*

कोभिड १९ समयको त्यो कहालीलाग्दा दिनहरूलाई आज पनि सम्झने हो भने, जिउ नै सिरिङ्ग बनाउँछ । नेपाली समाजमा '**जिउँदाको जन्ती मर्दाको मलामी**' भन्ने भनाइ प्रख्यात छ । अर्थात् समाज र गाउँमा बसेका छरछिमेकी नै हरेक सुख र दुखमा चाहिने हो । तर, कोभिड १९ महामारीको समयमा त्यस्तो भएन । संक्रमितलाई छुनसमेत नहुने परिस्थितिमा हजारौंले आफन्तहरू गुमाए । आफ्नै आखाँ अगाडि आफ्नै परिवारको आफन्त गुमाएर शवसमेत व्यवस्थापन गर्न नसकेको अवस्थामा नेपाली सेनाले शव व्यवस्थापनमा देखाएको साहसले पक्कै पनि सेनाको साहसिक र निडर भावनालाई उजागर गरेको छ । आफ्नै आफन्तको शव आफ्नै स्वजनले छुन नसकेको अवस्थामा शव व्यवस्थापनमा देखाएको तदरूकतालाई कतिपयले हल्का रूपमा बुझ्ने गरेको भएपनि सेनाले तत्कालीन अवस्थामा मृतक नेपाली नागरिकहरूको शव व्यवस्थापन अत्यन्तै संवेदनशील, जोखिमयुक्त थियो । सेनाले कोभिड संक्रमण शुरू भए यता २०७९ को भाद्रसम्म ११, ३९३ शव व्यवस्थापन गरेको थियो ।

| क्र.सं. | मिति | शव व्यवस्थापनको संख्या |
|---|---|---|
| १. | २०७७ साल | ३०७४ |
| २. | २०७८ साल | ८२८३ |
| ३. | २०७९ साल (भ्राद २० सम्म) | ३६ |
| | जम्मा | ११,३९३ |

*तालिका-५ स्रोत : (The Infanty Journal, 2078/079, NAWC)*

कोभिड १९ व्यवस्थापन एवं उपचारमा चाहिने अति आवश्यक स्वास्थ्य सामग्रीको चरम अभाव भएको अवस्थामा नेपाल सरकारको निर्देशन बमोजिम "Government to Government" प्रक्रिया मार्फत औषधि तथा

औषधिजन्य सामग्री खरिद गरी ल्याएको औषधि देशभर नेपाली सेनाको सुरक्षामा ढुवानी गरिएको थियो । कोभिड १९ भाइरस जाँच गर्दा कोभिड १९ परीक्षणको किट खरिद गर्न नेपाल सरकारले दिएको जिम्मालाई पारदर्शिता ढंगले सम्पन्न गरेको थियो । कोभिड १९ रोकथाम, प्रतिकार्य र नियन्त्रणका लागि विभिन्न कार्यसँगै कोभिड सम्बन्धी सामाजिक सञ्जाल, रेडियो, टेलिभिजनबाट सचेतना फैलाउने कार्यमा पनि उत्तिकै योगदान पुऱ्याएको थियो ।

वि.सं. २०६५/६६ मा नेपालको मध्य तथा सुदुर पश्चिमी क्षेत्रमा झाडा पखालाको महामारीबाट करिब २८२ जनाले ज्यान गुमाएको पाइन्छ । जसमा ३० हजार वढी प्रभावित भए । झाडापखालाको महामारी न्यूनीकरण गर्न औषधि उपचारको व्यवस्था र गम्भीर बिरामीहरूलाई क्षेत्रीय अस्पतालसम्म लैजानका लागि नेपाली सेनाले सहजीकरणको कार्य गरेको थियो । सो समयमा नेपाली सेनाले रूकुममा १०,८७३, जाजरकोटमा ७७४२, दैलेखमा ३७९६, बाजुरामा ८२२, अछाममा ५०६, कालिकोटमा ३०० र दाङमा ११० जनाको उपचार गरी विभिन्न क्षेत्रमा ४२ हजार के.जी. भन्दा वढीको राहत सामग्री वितरण गरेको थियो । (सिपाही विशेषाङ्क, २०७७) । २०७५ चैत २२ देखि २०७६ वैशाख १६ गतेसम्म हुम्लाको ताजकोटमा गाउँपालिका विभिन्न वडाहरूमा फैलिएको रूघा, खोकी र ज्वरोको प्रकोपमा नेपाली सेनाले हेलिकप्टरको प्रयोग गरी विरामीहरूलाई उपचारको व्यवस्था मिलाएको थियो ।

### ६.३ *बाढी, पहिरो र डुवान*

बाढी, पहिरोको जोखिमका हिसाबले नेपाल ३० औं (प्रतिवेदन २०७८, गृह मन्त्रालय) स्थानमा पर्दछ । सन् १९७१ देखि २०१५ सम्ममा नेपालमा वाढी, पहिरोका कारण झण्डै १० हजारले ज्यान गुमाए । *(रणनीतिक कार्ययोजना २०१८-२०३०, NDRRMA)* । पछिल्लो ३ वर्षको तथ्याङ्कलाई मात्र अध्ययन गर्दा १५१९ घटनामध्ये वाढी, पहिरोका घटनाबाट ४३१ जनाले ज्यान गुमाउँदा १२९ जना वेपत्ता भए । (विपद्मा भएका घटनाको विवरण, NEOC गृह मन्त्रालय) । अन्य विपद्का घटनाहरू जस्तै वाढी, पहिरोका घटनाहरूमा नेपाली सेनाले जनताहरूका अप्ठ्यारोमा सेवा प्रदान गर्दै आएको छ ।

वि.सं. २०५० सालमा मुसलधारे पानीले क्षति पुऱ्याएका ताप्लेजुङ, पाँचथर, सिन्धुली, सर्लाही, रौतहट, मकवानपुर, चितवन र धादिङका बिभिन्न क्षेत्रका गरी ३ हजार ८ सय ४२ बासिन्दालाई सुरक्षित स्थानमा स्थानान्तरण गरी २०१ जनालाई मेडिकल सहयोग तथा उपचारमा सक्रियताका साथ नेपाली सेना खटिएको थियो । यसै समयमा आएको वाढीले क्षतिग्रस्त बनाएको त्रिभुवन र पृथ्वी राजपथको पुनर्निर्माण गरी राजमार्ग सञ्चालनमा ल्याएको थियो । धादिङको महादेवबेशी र बेल्खुमा बेलिब्रिज निर्माण गरेर काठमाडौंसँगको एउटै मात्र आपूर्ति मार्गलाई सञ्चालनमा ल्याएको थियो । २०६५ साल भदौंमा कोशीमा वाढीबाट डुबानका क्रममा नेपाली सेनाले १५ हजार ६० जनालाई हेलिकप्टर, डुगां र अन्य विभिन्न माध्यमबाट उद्धार गर्नुका साथै ८ हजार केजी भन्दा वढीको खाद्यान्न राहत वितरण (खत्री २०८०, अन्तवार्ता) गरेको थियो । २०६५ कै असोज महिनामा कैलाली कञ्चनपुर, डडेल्धुरा डोटीमा गएको वाढीका प्रभावितलाई सुरक्षित स्थानमा सार्नुका साथै उद्धारमा खटिएको थियो । २०७१ सालमा सिन्धुपाल्चोकको जुरेमा गएको पहिरोमा परेकालाई उद्धार, राहत वितरणसँगै पहिरोले बगाएको बाटो सुचारू गर्नका लागि नेपाली सेनाले विशेष काम गरेको थियो । २०७७ सालमा सिन्धुपाल्चोककै जुगलमा गएको पहिरोबाट विस्थापित समुदायका लागि ३१ वटा आवास, ७ वटा सामूहिक शौचालय, १ क्यान्टिन, १ हेल्थ पोष्ट र स्नान गृह समेत निर्माण गरी २०७८ श्रावण २४ मा नेपाली सेनाले हस्तान्तरण गरेको थियो । (*सिपाही विशेषाङ्क,* २०७७) ।

२०७६ असारमा पूर्वी क्षेत्रमा आएको बाढी, पहिरो, २०७७ असार २५ गतेदेखि देशका बिभिन्न जिल्लामा आएको वाढीबाट ज्यान गुमाउनेको शव निकाल्ने, बेपत्ताको खोजी गर्ने, पहिरो पन्छाएर सडक सुचारू गर्ने, तटबन्ध बनाउने, पुल मर्मत एवं निर्माण गर्ने लगायतका मानवीय हितको कार्यमा सेनाले आफ्नो जिम्मेवारी गहनताका साथ पूरा गर्दै आएको छ । विभिन्न जिल्लामा वाढी, पहिरो डुबानका कार्यमा सक्रिय हिसाबले खटिनु नेपाली सेनाका

लागि नियमित कार्य भइसकेको छ। विपद् प्रतिकार्यमा पछिल्ला वर्ष खटिएको र नेपाली सेनाले गरेका कार्यको विवरण तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | विवरण | मिति | खटिएको स्थान | खटिएको फौज | उद्धार संख्या |
|---|---|---|---|---|---|
| १. | बाढी, पहिरो र डुवान | २०७६ | ९३ | १९०८ | १०८० |
| २. | बाढी, पहिरो र डुवान | २०७७ | ३०६ | ४८८१ | ६०२ |
| ३. | बाढी, पहिरो र डुवान | २०७८ | ३७६ | ९६७९ | ५२७२ |
| ४. | बाढी, पहिरो र डुवान | २०७९ | ८४ | १९८४ | ४७९२ |
| जम्मा | | | ८५९ | १८,४५२ | ११,७४६ |

*तालिका-६ स्रोत : (The Infanty Journal, 2078/079, NAWC)*

**२०८० सालको मनसुन शुरू भएदेखि २०८० असोजसम्म नेपाली सेनाले गरेका विपद् प्रतिकार्यको विवरण :**

| क्र.सं. | विवरण | गरेका कार्य, संख्या र स्थान | परिचालित फौज |
|---|---|---|---|
| १ | बाढी, पहिरो र डुवान | वेपत्ताको खोजी : ६७ जना<br>जिवितै उद्धार : १४९ जना<br>सुरक्षित स्थानमा स्थानान्तरण : १७७ घर, परिवार<br>बस्ती माथिको जोखिमयुक्त ढुंगा बिस्फोट : २ स्थान<br>बाढी, पहिरो प्रभावित क्षेत्रको रेकी : ६ स्थान | ३५ जिल्लाका ६० स्थानमा १६७८ |
| २ | अबरूद्ध सडक सुचारू | २१ जिल्लाका ४२ स्थान | ५७१ |
| ३ | तटबन्ध निर्माण | ८ जिल्लाका १५ स्थान | ३५२ |
| ४ | अस्थायी पुल निर्माण | ४ जिल्लाका ६ स्थान | १२१ |
| ५ | खानेपानीको पाइप मर्मत | ३ जिल्लाका ३ स्थान | ७७ |
| ५ | हवाइउद्धार | ३ जिल्लाका १२ जनाको उद्धार, २ शव ढुवानी | |
| ७ | भूकम्प (बझाङ्ग, बाजुरा, बैतडी र डोटी) | खोज, उद्धार, सहयोग तथा समन्वय | ७९ |

*तालिका-७ स्रोत : नेपाली सेना विपद् व्यवस्थापन निर्देशनालय*

### ६.४ *हवाइ र सडक दुर्घटना*

विश्व स्वास्थ्य संगठनको सन् २०१४ को प्रतिवेदन अनुसार नेपालमा सडक दुर्घटनाका कारण मृत्यु हुनेको दर कुल मृत्युदरको ३.१८ प्रतिशत रहेको छ। पछिल्ला दिनमा सवारी दुर्घटना निकै जोखिमपूर्ण मानिएको छ। नेपाल प्रहरीको तथ्यांकअनुसार २०७८/७९ मा २४ हजार ५३७ सडक दुर्घटना भएकामा २ हजार ७२४ ले ज्यान गुमाए। (Nepal Police) वि.सं २०४६ कात्तिक २० मा त्रिशुली नदीमा दुर्घटनाग्रस्त भएको बस र यात्रुको उद्धार तथा खोजीमा नेपाली सेनाले सहयोग गरेको थियो। यसबाहेक बर्षेनी हुने साना, ठूला दुर्घटनामा नेपाली सेनाले पुऱ्याएको योगदानको तथ्याङ्क पनि ठूलो रहेको छ।

**Accident Record of Nepalese Registered Multi-Engine Aeroplane:**

| S.N. | Date | Operator | Place of Accident | Fatality | Survival |
|---|---|---|---|---|---|
| 1. | November 5, 1960 | Nepal Airlines | Bhairahwa | 4 | 0 |
| 2. | August 1, 1962 | Nepal Airlines | Tulachan Dhuri | 10 | 0 |
| 3. | July 12, 1969 | Nepal Airlines | Near Heatauda | 35 | 0 |
| 4. | December 22, 1984 | Nepal Airlines | Cheklatidanda | 15 | 8 |
| 5. | July 31, 1993 | Everest Air | Solighopte | 19 | 0 |
| 6. | January 17, 1995 | Nepal Airlines | Kathmandu Airport | 2 | 23 |
| 7. | August 21, 1998 | Lumbini Airlines | Chuchche Khark, Myagdi | 18 | 0 |
| 8. | September 5, 1999 | Necon Air | Thankot, Kathmandu | 15 | – |
| 9. | December 25, 1999 | Skyline Airways | Burjo Lake, Makwanpur | 10 | |
| 10. | February 26, 2000 | Nepal Airlines | Bajhang | 1 | |
| 11. | July 27, 2000 | Nepal Airlines | Jogbuda, Dadeldhura | 25 | 0 |
| 12. | July 17, 2002 | Skyline Airlines | GadgadeDanda, Surkhet | 4 | 0 |
| 13. | August 22, 2002 | Shangrila Air | Pokhara | 18 | 0 |
| 14. | April 21, 2004 | Buddha Air | TIA Airport | 1 | 0 |
| 15. | May 25, 2004 | Yeti Airlines | Lamjura, Solukhumbu | 3 | 0 |
| 16. | June 21, 2006 | Yeti Airlines | Jumla Airport | 9 | 0 |
| 17. | October 8, 2008 | Yeti Airlines | Lukla Airport | 18 | 1 |
| 18. | August 24, 2010 | Agni Air | Sikharpur, Makawanpur | 14 | 0 |
| 19. | December 15, 2010 | Tara Air | Okhaldhunga, | 22 | 0 |
| 20. | September 25, 2011 | Buddha Air | Kotdanda, Lalitapur | 19 | 0 |
| 21. | May 14, 2012 | Agni Air | Jomsom Airport | 15 | 6 |
| 22. | September 28, 2012 | Sita Air | Manohara, Bhaktapur | 19 | 0 |
| 23. | February 16, 2014 | Nepal Airlines | Masinelek, Arghakhanchi | 18 | 0 |
| 24. | February 24, 2016 | Tara Air | Dana, Myagdi | 23 | 0 |
| 25. | May 27, 2017 | Summit Air | Lukla Airport | 2 | 1 |
| 26. | April 14, 2019 | Summit Air | Lukla Airport | 3 | 2 |
| 27. | May 29, 2022 | Tara Air | Titi, Ghasa area, Mustang | 22 | 0 |
| 28. | Jan 15 2023 | Yeti Airlines | Pokhara | 72 | |
| | | | Total | 436 | 33 |

*Table: 8, Source: Civil Aviation Authority of Nepal. (Note: Only the data of plane crashed with human casualties are mentioned in above table.)*

**Accident of Single-Engine Aeroplane.**

| S.N. | Date of Accident | Operator/Owner | Place of Accident | Fatality | Survival |
|---|---|---|---|---|---|
| 1 | 31-Mar-1975 | Nepal Airlines | Bouddha, Kathmandu | 5 | 0 |
| 2 | 30-Oct-1981 | Nepal Airlines | Biratnagar | 10 | 0 |
| 3 | 20-Nov-1998 | Nepal Airlines | Phakding | 1 | 0 |
| 4 | 17-Jan-1999 | Necon Air | Jumla | 5 | 7 |
| 5 | 21-Nov-2011 | Makalu Air | Talcha Airport | 0 | 2 |
| 6 | 26-Feb-2016 | Air Kashthamandap | Chilkhaya, Kalikot | 2 | 9 |
| 7 | 8-Apr-2016 | Makalu Air | Near Simikot | 0 | 2 |
| 8 | 16-May-2018 | Makalu Air | Simikot Pass | 2 | 0 |
| | | | Total | 25 | 20 |

*Table 9, Source: Civil Aviation Authority of Nepal. (Note: Only the data of plane crashed with human casualties are mentioned in above table.)*

नेपालको सडक यातायात मात्र नभई हवाइयात्रा पनि अहिले त्यति सुरक्षित देखिंदैन । यात्रुको ज्यानै जाने गरी हालसम्म ३६ आन्तरिक र आठ अन्तर्राष्ट्रिय जहाज तथा २० हेलिकोप्टर दुर्घटना भएका छन् । नागरिक उडड्यन प्राधिकरणको तथ्याङ्क अनुसार ९ सय ८ जनाले हवाइ दुर्घटनाबाट ज्यान गुमाए । पाइलट, टेक्निकल र मौसमका कारण हुने हवाइ दुर्घटनाबाट बाँच्ने सम्भावना निकै न्यून हुने गर्दछ । तर, नेपाली सेनाले बल्दै गरेको हवाईजहाजबाट समेत जीवितै उद्धार गरेका उदाहरणहरु भेटिन्छन् । नेपालमा पछिल्लो पटक गत २०७९ माघ १ गते भएको यति एयरलाइन्सको विमान दुर्घटनामा चालक दलका सदस्यसहित ७२ जनाले ज्यान गुमाएका थिए । दुर्घटनामा तत्कालै नेपाली सेनाको फौज परिचालित भई अंगभंग भएका शवहरूको व्यवस्थापनमा सेनाले सहयोग गरेको थियो । वि.सं २०४९ मा बैंककबाट काठमाडौ आएको थाई एयरवेजको दुर्घटनाग्रस्त हवाईजहाज खोजी गरी उद्धार कार्यमा महत्वपूर्ण भूमिका खेलेको थियो । वि.सं २०५५ भदौ ५ गते यती एयरलाइन्सको जोमसोमबाट पोखरा आएको दुर्घटनाग्रस्त विमान पत्ता लगाउनुका साथै उद्धारमा सहयोग गरेको थियो ।

वि.सं. २०७५ फागुन १५ गते ताप्लेजुङमा भएको हेलिकप्टर दुर्घटनाग्रस्त हुदाँ उक्त इलाकामा नेपाली सेनाले हेलिकप्टरसहित उद्धार कार्य गरेको थियो । दुर्घटनामा मृत्यु भएका तत्कालीन पर्यटनमन्त्री रवीन्द्र अधिकारी सहित ७ जनाको शव काठमाडौं ल्याउने कार्य नेपाली सेनाले गरेको थियो । विभिन्न समयमा नेपालमा भएका हवाइदुर्घटनामा नेपाली सेनाले अहम भूमिका निर्वाह गरेको थियो ।

### ६.५ *हावाहुरी र आँधी*

२०७५ साल चैत्र १७ गते बारा र पर्सामा गएको हावा, हुरीबाट २९ जनाले ज्यान गुमाएका थिए । सयौं घरमा क्षति पुग्नुका साथै गाउँहरू नै घरबारविहीन भएका थिए । त्यस क्षेत्रका स्थानीयहरू घरबारविहीन भएको अवस्थामा नेपाल सरकारको निर्णय अनुसार सुपथ घर बनाई मनसुन अगाडि नै हस्तान्तरण गर्ने योजना अनुरूप नेपाली सेनाले १ सय २० दिनमा ८६९ घर हस्तान्तरण गरेको थियो । यसरी सेनाले युद्धस्तरमा गरेको कार्य नेपाल सरकारको अनुमान गरेको लागत भन्दा करिव १२ प्रतिशत कममा (खत्री २०८०, अन्तवार्ता) निर्माण सम्पन्न गरेको थियो । वि.सं २०७६ जेठ २४ गते राती कैलाली र कञ्चनपुरमा आएको हावाहुरीको कारण २ जनाको मृत्यु र १०० वढी घाइते भएको अवस्थामा क्षतिग्रस्त स्थानमा नेपाली सेना परिचालित भई सहयोग गरेको थियो ।

### ६.६ *हिमपात र हिमपहिरो*

वि.सं २०१२ सालमा मनाङमा आएको हिम पहिरोपहिरो पछि नेपाली सेनाले ५३८ जनाको उद्धार गरेको थियो। उक्त क्षेत्रबाट २६ नेपाली र २२ विदेशी गरी ४८ जनाको शव व्यवस्थापन एवं हस्तान्तरणमा सहयोग गरेको थियो (सिपाही विशेषाङ्क, २०७७)। विभिन्न समयमा हिमाल आरोहणका क्रममा पुगेका विदेशी पर्यटकहरूलाई समस्या परेको अवस्थामा समेत नेपाली सेनाले साथ दिंदै आएको छ। २०६९ साल बैशाख २३ गते अन्नपूर्ण हिम श्रृंखलामा आएको हिउँ पहिरोमा परेका र मृत्यु भएका ३१ जनाको शव र घाइते भएकाहरूको उद्धारमा नेपाली सेना खटिएको थियो (खत्री २०८०, अन्तवार्ता)।

### ६.७ *आगलागी*

नेपाली सेनाले आगलागीका घटनालाई मध्यनजर गर्दै आफ्नो फौज तयारी अवस्थामा राख्ने गरेको छ। वि.सं २०३० असार २५ गते सिंहदरबारमा लागेको आगो नियन्त्रणमा नेपाली सेनाकै प्रमुख भूमिका रहेको थियो। २०६६ साल वैशाखमा रामेछाप जिल्लाको अस्पताल नजिक लागेको आगलागी नियन्त्रणमा पुगेका १३ जना सैनिकहरूले ज्यान गुमाएका थिए। (गुरुङ २०८०, कुराकानी)। घटनाको जानकारी लगत्तै तत्कालीन रक्षामन्त्री रामबहादुर थापाले घटनास्थलको निरीक्षणसँगै सेनाले उच्च बहादुरीका साथ ठूलो क्षति हुनबाट जोगाएकोमा धन्यबादसहित मृत्यु भएका सैनिकको बहादुरीको उच्च कदर गरेका थिए। जंगलमा लागेको डढेलो होस् वा ठूला कम्पनीमा लागेको आगलागी नेपाली सेना जहिले पनि तत्कालै आगो निभाउने र रेस्क्यु गर्ने काममा अग्रमोर्चामा देखिएको हुन्छ।

**पछिल्लो ४ वर्षमा आगलागीको क्षेत्रमा खटिएको सेनाको तथ्याङ्क :**

| क्र.सं. | साल | खटिएको स्थान | खटिएको फौज |
|---|---|---|---|
| १. | २०७६ | ३६९ | ९१२६ |
| २. | २०७७ | ६६५ | १४७५४ |
| ३. | २०७८ | २८६ | ६८७७ |
| ४. | २०७९ | १४८ | ३४४० |

*तालिका-१० स्रोत : The Infantry Journal,2078-079*

### ६.८ *अन्य विविध विपद्*

माथि उल्लेखित घटनाबाहेक विपद्को परिभाषाभित्र अटेका स-सना विपद्का घटनाहरूमा समेत नेपाली सेना जनतालाई प्रतिकूल असर परेको समयमा समेत हरदम तमतयार रहने गरेको छ। विकटमा सुत्केरी बिरामी हुँदा अस्पतालसम्म ल्याउनका लागि हेलिकप्टर उडान, खाद्यान्न संकटका समयमा राहत वितरण, जनावरको आतंकका बेला जनताको सुरक्षा, निकुञ्जभित्र र संरक्षित क्षेत्रमा मानव वन्यजन्तुद्वन्द्व न्यूनीकरण, महामारीमा स्वास्थ्य शिविर र रक्तदानको आयोजना, सर्पको टोकाइबाट हुने मानवीय क्षतिबारेमा जनचेतना र उपचार केन्द्रको स्थापना समेत गरेको छ। नेपाली सेनाको पछिल्लो तथ्याङ्क अनुसार २०६७ देखि २०७९ भाद्र २० गतेसम्म विभिन्न स्थानमा सञ्चालन गरिएको सर्पदंश उपचारबाट १० हजार ९ सय ४८ जना लाभान्वित भइसकेका छन्।

## ७ **विपद्मा अन्तर्राष्ट्रिय जगतमा सेनाको परिचालन**

विकसित र सम्पन्न राष्ट्रहरूमा विपद् प्रतिकार्यका लागि 'सिभिल डिफेन्स फोर्स' जस्ता छुट्टै निकायको व्यवस्था गरेको पाइन्छ। विपद्को समयमा यिनै फोर्सलाई परिचालन गरिने प्रावधान रहेको छ। अमेरिकामा आवश्यक पर्दा आर्मी नेसनल गार्डलाई र छिमेकी राष्ट्र भारतमा विपद्का लागि नेशनल डिजाष्टर रेस्पोन्स फोर्सको व्यवस्था

गरिएको छ । अर्को मित्रराष्ट्र चीनको एक तथ्याङ्क अनुसार १९४९ मा जनवादी चीनको शुरूवात भएयता करिब ६ दशकको अवधिमा चिनियाँ जनमुक्ति सेना ४,२०,००० पटक विपद् प्रतिकार्यमा संलग्न भइसकेको छ । (सिपाही वार्षिक, २०७९) । अन्य देशहरूमा पनि विपद्का समयमा आफ्नो राष्ट्रिय सेनालाई परिचालन गर्ने गरेको पाइन्छ ।

## ८ अन्तर्राष्ट्रिय स्तरमा नेपाली सेनाको योगदान

नेपाली सेनाले अन्तराष्ट्रिय स्तरमा समेत परेको समयमा योगदान पुऱ्याएको पाइन्छ । वि.सं १९५८ मा सर्वप्रथम पर्यवेक्षक खटाएर विश्वशान्तिको यात्रा शुरू गरेको नेपाली सेना विश्वका समस्याग्रस्त र द्वन्द्वग्रस्त मुलुकमा शान्ति सेनाका रूपमा सहभागी हुँदै आएको छ । (Aryal, Ramesh (2020), *Unity Journal* P.217) । यसै क्रममा हैटीमा गएको भूकम्पका समयमा शान्ति स्थापनाका लागि उक्त मुलुकमा तैनाथ नेपाली सरकारको फौजले भूकम्पका पीडितलाई उद्धार गर्दै राहतसमेत वितरण गरेको थियो । मानवीय हिसाबले आफ्नो जीवन नै जोखिममा राखेर उद्धार गरेको भन्दै युएनले समेत प्रसंशा गरेको थियो ।

## ९. विपद् व्यवस्थापनमा सेना परिचानल सम्बन्धी विभिन्न संवैधानिक प्रावधान

- नेपालको संविधान २०७२ भाग २८ (२६७) मा नेपाली सेना सम्बन्धी व्यवस्था रहेको छ । २६७ को ५ नं बुँदामा 'नेपाल सरकारले नेपाली सेनालाई संघीय कानूनबमोजिम विकास निर्माण र विपद् व्यवस्थापन लगायतका अन्य कार्यमा समेत परिचालन गर्ने सक्नेछ' भनी उल्लेख गरिएको छ ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार विपत् व्यवस्थापन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि केन्द्रदेखि स्थानीय तहसम्मको विभिन्न समितिमा नेपाली सेनाको प्रतिनिधित्व निम्नअनुसार रहने व्यवस्था छ ।

| **परिषद् वा समिति** | **अध्यक्ष** | **सेनाको प्रतिनिधित्व** | **प्रतिनिधि रहने सेनाले पाएको जिम्मेवारी** |
|---|---|---|---|
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् | प्रधानमन्त्री | प्रधान सेनापति | सदस्य |
| कार्यकारी समिति | गृहमन्त्री | रथी | सदस्य |
| प्रदेश व्यवस्थापन परिषद् कार्यकारी समिति | आन्तरिक मामिला सम्बन्धी मन्त्री | पृतना हेडक्वाटर | सदस्य |
| जिल्ला विपद् व्यवस्थापन समिति | प्रजिअ | गणपति वा गुल्मपति | सदस्य |
| स्थानीय विपद् व्यवस्थापन समिति | नगर प्रमुख वा गाउँपालिका प्रमुख | स्थानीय कमाण्डर वा तोकेको सैनिक | सदस्य |

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (पहिलो संशोधन, २०७५) परिच्छेद ८ को १८ मा सुरक्षा निकायको काम, कर्तव्य र अधिकारको व्याख्या गरिएको छ । जसको बुँदा नं (२) मा 'विपत्को समयमा खोज, उद्धार तथा राहतको कार्यका लागि नेपाल सरकारले नेपाली सेना परिचालन गर्न सक्नेछ ।' भनिएको छ । सोही ऐनको बुँदा नं (३) ले नेपाली सेनाले सम्पादन गर्नुपर्ने कार्य सम्पादन निम्न रहेका छन्:-
    - सम्भावित विपद्को सम्बन्धमा पूर्वचेतावनी दिने तथा विपद् जोखिम न्यूनीकरणका लागि समुदायलाई सजग बनाउने ।

- कुनै पनि स्थानमा विपद्का घटनाहरू भएको जानकारी प्राप्त हुनासाथ तत्काल परिचालित हुने र सोको जानकारी सम्बन्धित अधिकारी वा निकायलाई गराउने ।
- आपत्कालीन खोज, उद्धार तथा राहत वितरण गर्ने कार्य प्रभावकारी रूपमा सम्पन्न गर्ने ।
- विपद् व्यवस्थापन सम्बन्धी बिषयमा खोज तथा उद्धार सम्बन्धी तालिम एवं जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

- दैवी प्रकोप उद्धार ऐन २०३९ (संशोधन २०४९) दफा (५) केन्द्रीय दैवी प्रकोप उद्धार समिति गृहमन्त्रीको अध्यक्षतामा गठन हुने र त्यसको सदस्यमा नेपाली सेनाको उपरथी रहने प्रावधान गरेको छ । यस्तै सोही ऐनको उद्धार तथा उपचार उपसमितिमा नेपाल सरकारको स्वास्थ्य मन्त्रीको अध्यक्षतमा नेपाली सेनाको उपरथी रहने व्यवस्था गरेको छ ।

- राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा, २०७० (प्रथम संशोधन, २०७५) अनुसार नेपाली सेनाले पाएको जिम्मेवारीहरू निम्न रहेका छन् :-
  - कार्यढाँचाको ५.९ मा विपद्को प्रभावकारी प्रतिकार्यका लागि प्राधिकरणद्धारा आपतकालीन कार्यसञ्चालन केन्द्र, विपद् प्रभावित स्थानको कार्यसञ्चलान समन्वय केन्द्र (One Site Operation Co-ordination Center) र नेपाली सेनाको आपतकालीन व्यवस्थापन केन्द्र (Nepal Army Crisis Management Center) बीच समन्वय संयन्त्रको स्वतः स्थापना हुनेछ ।
  - कार्यढाँचाको ५.१६ मा विपद् प्रतिकार्यको समयमा कार्यकारी समितिको निर्देशन र प्राधिकरणको समन्वयमा नेपाली सेनाले बहुराष्ट्रिय सैनिक समन्वय केन्द्र (Multi National Military Co-ordination Center) को स्थापना गरी राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र र प्रभावित स्थान कार्यसञ्चालन तथा समन्वय केन्द्रसँगको समन्वयमा आवश्यकता अनुसार उद्धारकर्मी तथा मानवीय सहायताका स्रोत, साधन परिचालन गर्न सक्नेछ ।
  - कार्यढाँचाको ६.६ मा खोज, उद्धार तथा राहत कार्यसञ्चालनका लागि माण्ड पोष्ट स्थापना गर्ने उल्लेख छ । सो कमाण्डर पोष्टमा गृह मन्त्रालय विपद् व्यवस्थापनका सह सचिव लगायतका नेपाली सेनाका विपद् व्यवस्थापन निर्देशक समेत प्रमुख रहने उल्लेख छ ।
  - कार्यढाँचाको ७.३.२ मा विपद् प्रतिकार्यका लागि राष्ट्रिय परिषद्, कार्यकारी समिति र प्राधिकरणलाई नेपाली सेना लगायतका अन्य सुरक्षा निकाय र संस्थाहरूले आ-आफ्नो कार्यक्षेत्र र क्षेत्राधिकार भित्र रही आवश्यक सहयोग गर्ने व्यवस्था गरिएको छ ।
  - कार्यढाँचाको ७.४. मा कुनै पनि विपद्को खोज तथा उद्धारमा सुरक्षा निकाय परिचालन हुने छ भनिएको छ । यस्तै ७.४ कै ० देखि २४ घण्टाभित्रको समयावधिमा पीडित घाइतेहरूका सम्बन्धमा तत्काल घटनास्थलमै उपचारको व्यवस्था मिलाउने जिम्मेवार निकायमध्ये नेपाली सेनालाई पनि प्राथमिकताका साथ समावेश गरेको छ ।
- नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सार्वजनिक गरेको विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) मा विपद् न्यूनीकरणका लागि नेपाली सेनालाई जिम्मेवार निकाय भनी उल्लेख गरेको पाइन्छ ।

## १० विपद्मा नेपाली सेनाको तयारी, फौज परिचालन र उपकरणको व्यवस्थापन

नेपाली सेनाले राज्यका सबै अङ्गको सहकार्य र समन्वयमा नेपाल सरकारले दिएको दायित्व पूरा गर्दै आएको छ । ठूला विपद्लाई सहज रूपमा समाधान गर्नका लागि राज्यका निकायसँग मिलेर सेनाले आफ्नो कार्य गर्दै आएको छ । देशभर त्रासदीपूर्ण अवस्था हुन नदिनका लागि देश र जनताका लागि नेपाली सेनाले गरेको कार्य हाम्रो सामु

दिन जत्तिकै को उज्यालो छलङ्ग रहेको छ। नेपाली सेनाको संरचनाअनुसार गण भएका जिल्लाका एक सयको हाराहारीको संख्यामा फौज र गुल्म भएका जिल्लाहरूमा ४० देखि ५० जनाको फौज २४ सै घण्टा जनताहरूको सेवामा Stand by रहने गरेका छन्। *(खत्री २०८०, अन्तवार्ता)* सेनाले आफ्नो फौजलाई हरेक तबरबाट जनताको सुरक्षाका लागि विभिन्न तालिमहरूको सञ्चालन गरेर तयारी अवस्थामा राख्ने गरेको छ। नेपाली सेनाले विपद्बारे जनस्तरमा सचेतना फैलाउनका लागि केन्द्रदेखि स्थानीय तहसम्म सेनाले सञ्चालन गरेको हातेमालो कार्यक्रमको पाँचौ संस्करण सेनाले सञ्चालन गरिरहेको छ। केन्द्रीय स्तरका यस्ता कार्यक्रमले राज्यका विभिन्न निकाय, गैरसरकारी निकाय, दातृराष्ट्र तथा विभिन्न अन्तर्राष्ट्रिय एजेन्सीहरूको समवन्यात्मक प्लेटफर्म तयार पार्ने र महाविपद्का समयमा कसरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोतलाई परिचालन गर्ने, सहकार्य गर्दै नियमन गर्ने यी संस्थाबीच कसरी समन्वय गर्ने, कसरी काम गर्ने भन्नेमा सहजता ल्याउन काल्पनिक अभ्यासहरूको सञ्चालनमा सेनाले जोड दिंदै आएको छ। यस्ता तालिमहरू प्रदेश सरकारसँग समन्वय गरेर आगामी दिनमा सञ्चालन गर्ने तयारी नेपाली सेनाको छ। स्थानीय तहमा तैनाथ गण तथा गुल्महरूले विपद्का सम्भावित स्थानको पहिचान गरेर ती क्षेत्रहरूका बारेमा स्थानीय स्कूल, क्लव र टोलमा गएर विपद् जोखिम सम्बन्धी सचेतना र न्यूनीकरण गर्नलाई स्थानीय स्तरमै गर्न सकिने बिषयबारे सुचित बनाएको छ। यस्तो कार्यमा नेपाली सेनाको विपद् व्यवस्थापन निर्देशनालयका अनुसार सचेतनाबाट हालसम्म २५ हजार भन्दा वढी लाभान्वित भइसकेका छन्। *(खत्री २०८०, अन्तर्वाता)*

सेनाले विशेष तालिमसहितका करिब १२ सय जनाको फौजलाई ठूला विपद्का घटनाहरूमा परिचालन गर्ने गरी सातवटै प्रदेशमा तयारी अवस्थामा राखेको छ। यस्ता गण काठमाडौमा २ वटा र चितवनको रक्सौलमा एक रहेका छन्। काठमाडौंको सुन्दरीजलमा रहेको विपद् व्यवस्थापन गणले नजिकका प्रदेशका विपद्का घटनालाई नियाल्ने गर्दछ। चितवनमा रहेको गणले त्यस वरपरमा प्रदेशको विपद्लाई नियाल्ने गरेको छ। काठमाडौंकै गोकर्णमा रहेको राष्ट्रिय विपद् व्यवस्थापन तालिम शिक्षालयले नेपाली सेना र अन्य सुरक्षा निकायका जवानहरूलाई विपद्बारे तालिम दिने गर्दछ। अहिले विशेषगरी सेनाले शिक्षालयमा भूकम्पबाट ढलेका घरबाट कसरी रेस्क्यु गर्ने भन्ने विषयको Collapsed Structure Search and Rescue (CSSR), घाइतेका लागि उपचारको Medical First Response (MFR) लगायतको तालिमहरूको सञ्चालन गरिरहेको छ। विपद्को क्षेत्रका लागि १२ सय फौज तैनाथ गरिएको भए पनि महाविपद्का घटनाका तत्कालै हजारौंको संख्यामा सेनाहरू परिचालित भइहाल्ने गरेका छन्। यसका उदाहरणका रूपमा महाभूकम्प र कोभिड-१९ महामारीलाई लिन सकिन्छ।

हुन त नेपाली सेनाले विपद्का समयमा गर्दै आएको कार्यलाई टिकाटिप्पणी नभएको भने हैन। सेनासँग विपद्का लागि चाहिने पर्याप्त उपकरण नहुनु जटिल समस्या रहेको विज्ञहरू बताउँछन्। तर, हाम्रो जस्तो सानो मुलुकका लागि राज्यले सेनाप्रति गर्दै आएको लगानीलाई नजरअन्दाज गर्न भने सकिंदैन। राज्यले १२ सय नेपाली सेनाको फौज नै विपत्मा तयारी अवस्थामा राख्नु नै सुखद पक्ष मान्न सकिन्छ।

यसै अनुसन्धानका क्रममा विपद्को सिलसिलामा परिचालित जवानसँग गरिएको अनौपचारिक कुराकानीका क्रममा कतिपय सामान्य उपकरणहरूको पर्याप्तता नहुँदा आँखैं अगाडि मृत्यु भएका घटनाहरू सुन्न पाइयो। राज्यले देशमा विपद्का घटनामा कमी ल्याउनका लागि जनचेतनामूलक कार्यक्रमको सञ्चालन र आवश्यक उपकरणहरूको व्यवस्थापन नै चुनौती देखिएको छ। त्यसो त विपद्का समयमा अत्यावश्यक पर्ने Heavy Equipment अभाव भएको स्वयम् सैनिक अधिकारीहरू स्वीकार गर्छन्। नेपाली सेनाले गरेका साहसपूर्ण कार्यलाई अझ सार्थकर्ता दिन राज्यले पनि सोच्नुपर्ने बेला पक्कै आएको छ। राज्यबाट तोकिएका कार्य नेपाली सेनाले अक्षरश पालना गरिरहेको छ र जनताको विश्वाससमेत जितेको छ। यसमा कन्जुस्याइँ भएको छैन।

विभिन्न आलोचनाका बाबजुद आलोचनालाई चिर्दै देशमा कुनै पनि बेला कुनै पनि प्रकारका विपद्

आइलाग्दा सबभन्दा अग्रणी मोर्चामा खटिने नेपाली सेना नै हो । प्राकृतिक वा मानवीय विपत्तिहरू आइलाग्यो भने नेपाली सेना ब्यारेकभित्र चूप लागेर बस्न सक्दैन । अनुसन्धानकै क्रममा विपद्ग्रस्त क्षेत्रमा गरिएको अनौपचारिक कुराकानीका क्रममा नेपाली सेनाले गरेको उद्धारले हजारौं जनताको ज्यान बचाउने साहसिक कार्य गरेको र सेना भगवान भएर उदाएको भन्दै उच्च प्रशंसा गर्ने नागरिकहरूको जमात ठूलो रहेको छ ।

## ११. निष्कर्ष

नेपाली सेनाले नेपालको संविधान २०७२ र नेपालका विगतदेखि वर्तमानसम्मका विभिन्न कानुनको परिधिभित्र रहेर अक्षरश पालना गर्दै सरकारले दिएको जिम्मेवारी निडर र साहसका साथ पालना गरेको छ । अझ वितदेखि बर्तमानसम्म विपद्मा सेनाले गरेका कार्यले जनताको विश्वास जितेकोमा कुनै दुइमत छैन । नेपाली सेनाले इतिहासका कालखण्डमा मुलुक र जनताप्रति गर्दै आएको योगदानलाई कयौं नेपालीहरूले मात्र हैन अन्तर्राष्ट्रिय स्तरमा समेत मुक्तकण्ठले प्रशंसा गरिरहेको छ । सेनाले राष्ट्रिय हित, नेपालको संविधान, सम्भावित आन्तरिक र वाह्रय सुरक्षा, राष्ट्रिय विकास, अन्तर्राष्ट्रिय क्षेत्रमा शान्तिस्थापना र विपद् व्यवस्थापनामा नेपाली सेनाले खेलेको अतुलनीय योगदानलाई स्मरण गर्ने हो भने पक्कै पनि सेना नेपाली नागरिकहरूको साथी बनेको प्रष्ट देखिन्छ ।

## सन्दर्भ सामाग्री


खत्री, रबिन्द्र (२०८०/०६/१५), अन्तरवार्ता

*गोरखा भूकम्प अनुभव र सिकाई, (२०७३),* काठमाडौं : नेपाल सरकार गृह मन्त्रालय

*दैवी प्रकोप उद्धार ऐन, २०३९* (संशोधन २०४९)

नेपाल सरकार (२०७२), *नेपालको संविधान,* काठमाडौं : कानुन किताव व्यवस्था समिति

*बिनाशकारी भूकम्पमा नेपाली सेना, (२०७२),* नेपाली सेना, काठमाडौं : जंगी अड्डा

बैद्य, तुलसीराम, मानन्धर, विनय कुमार र बस्न्यात, प्रेमसिंह (२०६५), *नेपालको सैनिक इतिहास (भाग २),* काठमाडौं : जंगी अड्डा

*मनसुन र बेमौसमी बर्षाका घटनासहितको प्रतिवेदन, (२०७८),* काठमाडौं : नेपाल सरकार गृह मन्त्रालय

*राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, (२०७०)* पहिलो संशोधन, २०७५, काठमाडौं : नेपाल सरकार गृह मन्त्रालय

*विपद् उत्थानशील नेपाल (२०८०),* सिंहदरबार काठमाडौं : राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

*विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, (२०७४)* पहिलो संशोधन २०७५, काठमाडौं : राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

*विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, NDRRMA* (२०१८-२०३०)

*विपद् जोखिम व्यवस्थापन सामान्य जानकारी,* (त्रिभुवन विश्वविद्यालय) वातावरण विज्ञान केन्द्रीय विभाग : ललितपुर

*विपद् व्यवस्थापन नेपालको सन्दर्भमा अवधारणा र अभ्यासहरू,* (२०१०), काठमाडौं : प्राक्टिकल एक्सन, ललितपुर :

*राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र,* खानी तथा भूगर्भ विभाग (www.seismonepal.gov.np)

सन्तोष गुरूङ (२०८०/०९/२६, २०८०/०६/२७) अन्तवार्ता

*सिपाही, (२०७९),* जनसम्पर्क तथा सूचना निर्देशनालय, काठमाडौं : जंगी अड्डा

*सिपाही विशेषाङ्क, (२०७७),* जनसम्पर्क तथा सूचना निर्देशनालय, काठमाडौं : जंगी अड्डा

Aryal, Ramesh (Vol.1 Feb,2020), Unity Journal P.217, Prithiva Narayan Saha Research Center DGMT, Kathmandu: Nepal Army.

Dr. Kharel, Asvasthama P. 167, (Vol. 1 Feb, 2020), Prithiv Narayan Saha Research Center DGMT , Kathmandu : Nepal Army.

The Infanty Journal, 2078/079, Nepal Army War College), Bhakatapur, Nagarkot

http://brtnepal.com/2019/01/10/74124.html

http://covid19.who.int

http://kathmandupress.com/detail/68451

http://khabarhub.com/2021/17/244664

https://www.nepalpolice.gov.np

-◆◆◆-